# बर्जु गाउँपालिका आ.व. २०७५।०७६ को पहिलो कार्यपालिका बैठक

मिति : २०७५।०४।३१

आज मिति २०७५ साल श्रावण ३१ गते बुधबारका दिन यस वर्जु गा.पा.को गाउँ पालिकाको अध्यक्ष श्री रघुन्नदन चौधरी ज्यूको अध्यक्षतामा बैठक बसी प्रस्तुत प्रस्तावहरुमा छलफल भई निम्न निर्णयमा पुगीयो ।

<u>**निर्णयहरु**</u>

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १३ मा व्यवस्था भए बमोजिम आर्थिक बर्ष ०७५।०७६ का लागि जिल्ला समन्वय समिति सुनसरी र जिल्ला प्राविधिक कर्यालयले तयार पारेको दररेट लाई विश्लेषण गरी यस बर्जु गा.पा.को आ.व. २०७५।०७६ का निनित्त लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा बर्जु  गाउँपालिका वडा कार्यालय र बिषय गत शाखाहरु समेतले आ.व. ०७५।०७६ को बार्षिक खरिद योजना तयार गरी २०७५।०५।१० गते भित्र यस कार्यालयमा पठाउने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. २ माथि छलफल गर्दा बर्जु गाउँपालिकाको आ.व. ०७५।०७६ का लागि  निम्न अनुसारका सम्रचनामा निम्न दर रेटमा सम्पत्ती कर असुल गर्ने निर्णय गरियो ।

| क.स. | संरचना विवरण | कर दर रेट (बार्षीक) | कैफियत |
|---|---|---|---|
| १ | पक्कि घर | २०००।- | प्रतितल्ला |
| २ | पक्कि पिलर वाला दुई तल्ले टिनको वा टाली भएको | १०००।- | प्रतितल्ला |
| ३ | पिल्लर, काठको घर टिनको छानो वा टाली भएको | ५००।- | प्रतितल्ला |
| ४ | टिनको छाप्रो फुसको | १५०।- | प्रतितल्ला |